# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले वैशाख ३० गते बैंकको केन्द्रीय कार्यालयमा नेपाल बैंकर्स संघका पदाधिकारीहरूसँग बैंकहरूको वर्तमान स्थितिको बारेमा छलफल गर्नुभयो ।

सो अवसरमा गभर्नर डा. खतिवडाले बैंकहरूको बचत खाताको ब्याज वृद्धि भएमा बचत निक्षेप बढाउन सकिने धारणा राख्नुभयो ।

भेटमा संघका अध्यक्ष श्री शसिन जोशीले हाल नेपालको समग्र बैंकिङ क्षेत्रमा तरलता पहिलेभन्दा सहज भइसकेको तर केही बैंकहरूलाई अझै समस्या रहेको जानकारी दिँदै केन्द्रीय बैंकको पुनरकर्जा सुविधा प्राप्त भएपछि सो समस्या पनि हल हुने सम्भावना व्यक्त गर्नुभयो ।



केन्द्रीय बैंकले हालै निष्कासन गरेको नागरिक बचतपत्र खरिद प्रयोजनका लागि बैंकहरूबाट निक्षेप बाहिरिन सक्ने सम्बन्धमा संघका पदाधिकारीले राखेको जिज्ञासामा गभर्नर डा. खतिवडाले यो निष्कासनमा अधिकतम सीमा नतोकिएकोले बैंकिङ क्षेत्रले आकर्षित गर्न नसकेको सर्वसाधारणको बचत आकर्षित हुनसक्ने भएकोले बैंकिङ क्षेत्रबाट धेरै निक्षेप नघट्ने अपेक्षा केन्द्रीय बैंकको रहेको बताउनुभयो ।

पुनरकर्जा सुविधा प्रदान गर्ने कार्यविधिमा बैंकहरूलाई केही समस्या देखिएकोले यसलाई थप सहज बनाउन बैंकरहरूले गरेको आग्रहका सम्बन्धमा गभर्नर डा. खतिवडाले सकारात्मक प्रतिक्रिया दिँदै अव्यावहारिक शर्तहरूलाई परिमार्जन गरी पुनरकर्जा सुविधालाई सरलीकरण गर्न राष्ट्र बैंक तयार रहेको स्पष्ट पार्नुभयो ।

देशबाट हुनसक्ने पूँजी पलायन रोक्न सीमा क्षेत्रमा नेपाली बीमा कम्पनीहरूको सेवा विस्तार गर्न आवश्यक देखिएको बताउँदै गभर्नर डा. खतिवडाले यसतर्फ छलफल अगाडि बढाउन सम्बन्धित निकायहरूलाई आग्रह गरिसकेको कुरा व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय